# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल स्थापित–२०७४

प.सं. २०७७/०७८
च.नं.

प्रथम पटक प्रकाशित मिति:२०७८/०३/३०.

## आन्तरिक आय सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम आ.व. २०७८।०७९ का लागी यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क दस्तुर संकलन गर्ने कार्यको ठेक्का बन्देबस्त गर्नु पर्ने भएको हुँदा देहायमा उल्लेखित शिर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न इच्छुक व्यक्ती, कम्पनी वा फर्महरुवाट स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र (२०७६/०७७), उद्योग/ब्यवसाय दर्ता प्रमाण पत्र र कालो सुचिमा नरहेको स्वघोषणा पत्र संलग्न राखी तपशिल शर्तहरुको अधीनमा रही रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्रका शर्तहरु**

१. दरभाउपत्र सम्वन्धि कागजातहरु मिति २०७८।०३।३० गते देखी मिति २०७८।०४।१३ गते कार्यालय समय भित्र यस कार्यालयवाट दरभाउपत्र दस्तुर रु.१०००।०० तिरी वा नेपाल वांगलादेश बैंक, चान्देव शाखामा रहेको ग.१.१ आन्तरिक राजश्व खाता नं. ०७७०००१२४१ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई खरिद गर्न सकिनेछ।

२. खरिद गरेको दरभाउपत्र मिति २०७८।०४।१४ को दिनको १२:०० बजे सम्म छुट्टा छुट्टै दरभाउपत्रको छुट्टा छुट्टै शिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा वा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा दरभाउपत्र दस्तुर जम्मा गरेको भौचर र धरौटी(बिड वण्ड) लाई शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गरी दर्ता गर्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० वजे खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. धरौटी (जमानत) वापत आफुले कबोल गरेको अंकको ५ प्रतीशतका दरले हुने रकम लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाका वांगलादेश बैंक, चान्देव शाखामा रहेको ग.३.१.धरौटी खाता नं. ०७७००००८४१ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याँद भएको मान्यता प्राप्त वाणिज्य वैंक वा बित्तीय संस्थावाट यस कार्यालयको नाममा जारि भएको विडवण्ड दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धीत दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

६. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्ने, दरभाउपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी ब्यवसायीले प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ।

८. आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी नियमावली बमोजिम ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्य हेरी १० प्रतीशत सम्म छुट दिन सकिनेछ। साथै दरभाउ कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउदाताले छुट्टै बुझाउनु पर्नेछ।

९. विस्तृत जानकारी यस कार्यालयको Website:www.laljhadimun.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np मा हेर्न सकिनेछ।

**दरभाउपत्र सम्वन्धी कार्यको विवरण**

| ठेक्का नं. | कामको विवरण | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्युनतम कबोल अंक (मु.अ.कर वाहेक) रु. |
|---|---|---|---|
| LAL/SQ/REV/01/2078/079 | कबाडी कर रकम संकलन गर्ने ठेक्का | गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | १२,००० |
| LAL/SQ/REV/02/2078/079 | सडक सेवा शुल्क | लालझाडी गाउपालिकाबाट निर्मित तथा मर्मत गरिएका सबै शाखा सडक | ५५,००० |

इन्जिनीयर

प्रमुख प्रशासकीय अधिकृत

२०७८/३/३०

प्रमुख प्रशासकीय अधिकृत